भेटघाट गरिरहौं



पाष्टरीय तालीम पुस्तिका

४८

तालीम र वृद्धि

T&M ®

खाँचोमा परेकाहरु, अनि खीष्टलाई नचिनेकाहरुलाई तपाईंको मण्डलीले भेटघाट गरिरहन सकोस् भनी परमेश्वरको सहायताको निम्ति प्रार्थना गर्नोस् ।

याकूब १:२७ ले भन्छ: *"परमेश्वर र पिताको अगाडि शुद्ध र पवित्र धर्म यही हो: अनाथ र विधवाहरुलाई तिनीहरुको कष्टमा हेरचाहा गर्नु, र आफूलाई संसारबाट निष्कलङ्क र राख्नु ।"*

संगतिको लागि, खाँचोमा परेकाहरुको खाँचो पूरा गर्नको लागि, अथवा सुसमाचार प्रचारको लागि भेटघाट गर्नु हरेक आज्ञाकारी मण्डलीको खास कार्य हो । भेटघाटको निम्ति धेरै पटक हामीले मनोरञ्जनका कार्यक्रमहरु घटाउनु पर्ने पनि हुनसक्छ ।

हामीले कसलाई भेटघाट गर्नुपर्ने हो ?

हामीले खाँचोमा भएकाहरुलाई भेट्ने छौं ।

च्भबम व्कभक ज्ञस्द्ठ बलम छ्स्ज्ञद्ध। त्जभ ऋजचष्कतष्बल षिभ ष्क लयत यलथि पलयधष्लन मयअतचष्लभ बलम पभभउष्लन बधबथ ।चयक भखर्षी क्ष्त ष्क कजयधष्लन उचबअतष्अर्बा यिखभ तयधबचमक बर्ाी ९व्कभक ज्ञस्द्ठ० ध्भ खष्कष्त तजयकभ धजय कगाभच, कगअज बक यचउजबलक, धष्मयधक, तजभ कष्अप बलम उचष्कयलभचक।

हामीले अविश्वासीहरुलाई भेटघाट गर्नुपर्छ

मर्कूस १६:१५ पढ्नोस् । धेरै जना आत्मिकी अनाथहरु छन् (अर्थात जसका स्वर्गीय पिता छैनन्)। उनीहरु पनि परमेश्वर को परिवारका सदस्यहरु बन्न सक्छन् यदि हामीले उनीहरुलाई भेटिरहन्छौं भने । येशू ख्रीष्टको निम्ति मानिसहरु जित्नको लागि भेटघाट र व्यक्तिगत बातचीत सर्वोत्तम उपाय हो ।

जो जो पतित भएका अथवा टाडिएका छन्, उनीहरुलाई हामीले भेटघाट गर्नु पर्दछ

याकूब ५:१९-२० पढ्नोस् । जो जो पतित भएका छन्, उनीहरुलाई हामीले पुनर्स्थापित गर्नुपर्दछ । उनीहरुले सत्य ता जानेका छन्, तर कुनै कारणवश टाडा भएका छन् ।

हामीले उनीहरुलाई परित्याग गरिहाल्नु हुँदैन । उनीहरुको विश्वास र परमेश्वरसित उनीहरुको हिँडाइलाई यथावत पार्न हामीले उनीहरुलाई भेटघाट गर्नुपर्दछ ।

हामीले नयाँ विश्वासीहरुलाई भेटघाट गर्नुपर्दछ

मत्ती २८:१९-२० पढ्नोस् । नयाँ विश्वासीहरुलाई परामर्श अनि प्रोत्साहन चाहिन्छ । यी पदहरुमा भएका ख्रीष्टको आज्ञाले हामीलाई उहाँका सबै आज्ञाहरु पालन गर्ने चेला बनाउनको लागि अह्राएको छ । सर्वोत्तम उपाय चाहिँ उनीहरुलाई भेट्नु हो ।

हामीले विश्वासयोग्य विश्वासीहरुलाई पनि भेटघाट गर्नैपर्छ

प्रेरित २:४२ पढ्नोस् ।

यरुशलेममा भएका शुरुका मण्डलीका विश्वासीहरु निम्न चार कुराहरुमा लागिरहे:

१. सिद्धान्त (शिक्षा),
२. प्रार्थना,
३. ञरोटी भँचाइ (प्रभुभोज),
४. एकाअर्कासितको संगति ।

जब हामी सेवाहरुमा जान्छौं, अनि एकाअर्कालाई भेट गरी व्यावहारिक रुपमा सहयोग प्रदान गर्दछौं, तब हामीले संगतिको आनन्द महसुस गर्दछौं । धेरै समयदेखि नभेटिएको, अथवा अरु विश्वासयोग्य विश्वासीहरुलाई पनि हामीले भेट्ने छौं । यसरी हामीले एकाअर्कालाई प्रोत्साहित गर्नसक्छौं ।

तपाईंको नमूनाद्वारा नयाँ इसाईहरुलाई सिकाउनु होस् ।

प्रभावशाली भेटघाटको निम्ति व्यावहारिक सल्लाह

- कतिपय झूटा शिक्षकहरुको कारण घर घर भेटघाट गर्न जानु कति ठाउँमा गाह्रो बन्दै गएको छ । यसकारण, तपाईंका चिनारुहरु अनि स्वाभाविक सम्बन्ध भएकाहरुकहाँ पहिले जानुहोस् । यसरी तपाईंलाई स्वागत पनि गर्नेछन् अनि तपाईंको कुरा सुन्ने पनि छन् । साथै, एउटा सम्बन्धबाट अर्कोतर्फ डोऱ्याउँछ, अनि यसरी नै अघि बढ्न सकिन्छ ।

- प्रभावशाली भेटघाटको योजना, संयोजन, अनि कार्यान्वयन प्रार्थनाद्वारा गरिनुपर्छ । जसलाई तपाईंले भेट्नु भयो, उसित सम्पर्क बनाइराख्नु होस् अनि नजिताको आशा गर्नुहोस् । जहाँ मानिसहरुले अभिरुची देखाउँछन्, त्यहाँ फेरि जानुहोस् ।

- भेटघाट गर्न जानेहरुलाई तालीम दिनुहोस् । उनीहरुलाई निम्न कुराहरु सिकाउनु होस्:

  - कसरी बातचीत शुरु गर्ने, अनि स्वाभाविक ढङ्गमा आत्मिकी कुराहरुतिर लैजाने ।
  - कसरी व्यक्तिगत साक्षी दिने ।
  - कसरी अरुहरुलाई खीष्टमा डोऱ्याउने ।
  - कसरी बिरामीहरुको लागि प्रार्थना गरिदिने ।

- यदि तपाईंले गर्नुहुने भेटघाट व्यक्तिगत होइन भने, हाम्रा प्रभुले आफ्ना चेलाहरुलाई सिकाउनु भए जस्तै गरी जोडी जोडी भएर जान सल्लाह दिइन्छ । एक जनाले बोल्दै गर्दा, अर्कोले प्रार्थना गर्न सक्छ, अनि यसरी उनीहरुले एकाअर्कालाई सहयोग गर्नसक्छन् ।

- साधारण नियमानुसार, पुरुषले पुरुषलाई, स्त्रीले स्त्रीलाई, जवान मानिसहरुले जवानहरुकै झुण्डलाई, अनि विवाहित दम्पत्तिले विवाहितलाई नै भेटघाट गर्नु राम्रो हो ।

- घरमा मानिसहरु हुने बेलामा नै भेटघाट गर्न जानलाई निश्चित हुनुहोस् । सकेसम्म, पहिलेबाटै समय मिलाउनु राम्रो हुन्छ । उदाहरणको निम्ति, खाना खाने बेलामा, अथवा अरु कुरोमा व्यस्त हुने बेलामा नजानु होस् ।

- तपाईंको काखीमुनि अति ठूलो बाइबल चेपेर, अनि बाइबलीय शब्दहरु चलाएर तपाईंले जसलाई भेटघाट गर्दै हुनुहुन्छ उसलाई नतर्साउनु होस् । स्वाभाविक, नम्र अनि मित्रवत् बन्नोस् । प्रवचन दिन नथाल्नु होस् । बरु, तपाईंले भेट गर्नुभएका मानिसहरुको वास्तविकतासित मिल्दोजुल्दो बातचीत गर्नोस् ।



- तपाईंको व्यक्तिगत सरसफाई र चिटिक्कपनामा, विशेष गरी तपाईंको श्वासप्रति ध्यान दिनुहोस् । तपाईं स्वयंलाई मैला अनि गनाउने व्यक्ति मन पर्दैन होइन त, त्यसै गरी तपाईंले भेट्न चाहेको व्यक्तिले पनि त्यस्तो मन पराउँदैन ।

- यदि तपाईंको भेटघाटमा कसैले रुची लिएनन् भने, रीस नदेखाउनु होस्, तर नम्रतापूर्वक विदा लिनोस् । जसरी येशूले पनि शिफारिस पनि गर्नुभयो, अब अरु समय खेरो नफाल्नु होस् ।

- सचेत बन्नुहोस्, अनि अति लामो समयसम्म बसेर बाधक नबन्नुहोस् । यसो गर्दा मात्र दोस्रो भेटघाटमा फेरि स्वागत पाइन्छ ।



- सम्भव भएमा, तपाईंको ठेगानासहित उनीहरुले पछि पढ्न सक्ने केही छोडिराखिदिनु होला, ताकि उनीहरुले तपाईंलाई पछि सम्पर्क राख्न सक्नेछन् ।

- भेटघाट गर्ने काममा विश्वासयोग्य बन्नुहोस्, अनि तपाईंसित सम्पर्क भएका व्यक्तिहरुलाई नत्याग्नु होस् ।

सारांश जाँच

१. प्रेरित याकूबले हामीलाई संसारसित दुषित हुनबाट बँच्नु भनी भनेका छन्, अनिः

- ☐ अविश्वासीहरुसित बातै नमार्नु पनि भनेका छन् ।
- ☐ खाँचोमा परेकाहरुलाई भेटघाट गर्नु भनेका छन् ।

२. मत्ती २८:१९-२० को महान आज्ञालाई पूरा गर्नको निम्ति हामीले खीष्टमा नयाँ आत्माहरु जित्छौं । तब हामीले तिनीहरुलाई निम्न कुराहरु गर्दै चेला बनाउँछौंः

- ☐ तिनीहरुलाई खीष्टको सारा आज्ञाहरु पालन गर्न सिकाउँदै ।
- ☐ तिनीहरु कमजोर हुँदा गाली गर्दै ।

३. हामीले नयाँ विश्वासीहरुलाई आज्ञाहरु सिकाउँछौ., तर पुराना र विश्वासयोग्य सदस्यहरुलाई पनि हाम्रो भेटघाटको खाँचो पर्दछ । यसरी हामी निम्न कुराहरु अभ्यास गर्दछौंः

- ☐ प्रचार गर्ने ।
- ☐ एकाअर्कासित संगति गर्ने ।

४. भेटघाटद्वारा हामीले संगतिलाई वृद्धि गर्दछौं । टाडा भएर गएका विश्वासीहरुलाई हाम्रो खाँचो पर्दछ:

- ☐ उनीहरुको पाप छोडाउनलाई ।
- ☐ उनीहरुलाई प्रेममा भेटघाट गर्नलाई ।
- ☐ उनीहरुलाई भेटेको बेला तिनीहरुलाई गाली गर्नलाई ।

जो टाडिएका छन् तिनीहरुलाई हाम्रो प्रेमको खाँचो छ । हामीले तिनीहरुलाई बढो धैर्यसाथ भेटघाट गर्नसक्छौं ।

अभ्यासको काम

- तपाईंको मण्डलीलाई निम्न जिम्मेवारीको निम्ति सिकाउनोस् अनि व्यवस्थित गर्नोस्:

  क) खाँचोमा परेकाहरुलाई भेट्ने अनि सहयोग गर्ने,

  ख) पतित भएकाहरुको निम्ति प्रार्थना गरिदिने, अनि धर्मशास्त्रबाट परामर्श दिने,

  ग) प्रभुको आज्ञाहरु पालन गर्न गर्न सुसमाचार प्रचार गर्ने अनि सिकाउने:
  - पश्चाताप अनि विश्वास (उनीहरुको आफ्नै मुक्तिको निम्ति निश्चयता पाउनु)
  - बप्तिस्मा लिनु,
  - प्रेम गर्नु, अनि व्यावहारिक रुपमा सहयोग पुऱ्याउनु (उनीहरुको वरदान अनुसार),
  - प्रभुभोजमा सामेल हुनु,
  - एकलै अनि परिवारसित प्रार्थना गर्नु,
  - उदारचित्तले दिनु,
  - उनीहरुको परिवारलाई खीष्टको निम्ति जित्नु । उनीहरुले (प्रथम तहका) यी कोर्सहरु "सवोत्तम सन्देश" अनि "प्रभु येशू खीष्टलाई पछ्याउनु" चलाउन सक्छन् ।

- मण्डलीका अरु अगवाहरुसित, भेटघाट गर्ने टीमहरुको निम्ति योजना र संयोजन गर्नोस्, अनि तिनीहरुको लागि प्रार्थना गर्नोस् ।

भेटघाट गर्ने अरु संयोजकहरु छान्न सकिन्छ, अनि तल दिइएका जस्तै फारमहरु प्रयोग गर्न सकिन्छ:

संयोजक: _____

भेटघाटको रिकार्ड

भेटघाट गर्नेहरु:	कसलाई भेटेको:	मिति:

टिप्पणीहरु

टिप्पणीहरु

टिप्पणीहरु

कपीराइट र जानकारी:
© 2001 Project WorldReach © 2001 SEAN
सर्वाधिकार सुरक्षित

Train & Multiply®

Project WorldReach (टि एम सेवकाइ संचालन)

Dr. George Patterson (मौलिक लेखक)
SEAN International

सम्पर्क ठेगाना: **Project WorldReach PWR®**

474 - 800 - 15355 - 24th Ave
Surrey BC, Canada
V4A 2H9

इमेल: pwr@trainandmultiply.com

वेबसाइट: http://www.trainandmultiply.com

048NP01A-01